# राष्ट्रिय जनगणना २०७८

# मुख्य नतिजा

# लुम्बिनी प्रदेश




नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
थापाथली, काठमाडौं


मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# मुख्य नतिजा

१. **जनसंख्या (Population):** राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) लुम्बिनी प्रदेशको जनसंख्या ५१,२२,०७८ रहेको छ, जसमध्ये पुरूषको संख्या २४,५४,४०८ (४७.९२ प्रतिशत) र महिलाको संख्या २६,६७,६७० (५२.०८ प्रतिशत) छ । जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या ९२.०१ रहेको छ । गत २०६८ सालमा कुल जनसंख्या ४४,९९,२७२ र लैङ्गिक अनुपात ९०.७३ थियो ।

२. **अन्य लिङ्गीको जनसंख्या (Other gender population):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ । कुल अन्य लिङ्गी मध्ये लुम्बिनी प्रदेशमा १४.८ प्रतिशत रहेको छ ।

३. **वार्षिक जनसंख्या वृद्धिदर[1] (Average annual population growth rate):** लुम्बिनी प्रदेशको जनगणना अवधिको वार्षिक औषत जनसंख्या वृद्धिदर (Average annual population growth rate) १.२४ प्रतिशत रहेको छ । लुम्बिनी प्रदेशमा सबैभन्दा बढी बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला रूपन्देही (२.३३ प्रतिशत) र सबैभन्दा कम बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला गुल्मी (-१.२३ प्रतिशत) रहेका छन् ।

४. **जनघनत्व (Population density):** जनगणनाको नतिजा अनुसार लुम्बिनी प्रदेशको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) २३० जना प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा २०२ मात्र थियो । सबैभन्दा धेरै जनघनत्व रूपन्देही जिल्लामा (८२५ जना प्रति वर्ग किलोमिटर) र सबैभन्दा कम रूकुम पूर्व जिल्लामा (३४ जना प्रति वर्ग किलोमिटर) रहेको छ ।

५. **बृहत उमेर समूहअनुसार जनसंख्या (Population by broad age group):** जनगणना अनुसार लुम्बिनी प्रदेशको कुल जनसंख्याको ६१.९ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन् । हाल १४ वर्ष वा सो भन्दा कम उमेरका र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या क्रमशः २८.५ प्रतिशत र ९.६ प्रतिशत रहेको छ ।

[1] Growth rate - Computed from exponential population growth formula

६. **परिवार संख्या (Number of households):** गत २०६८ सालको जनगणना अनुसार लुम्बिनी प्रदेशको परिवार संख्या ८,८५,२०३ रहेकोमा हाल उक्त संख्या करिव २९.० प्रतिशतले बढेर ११,४१,९०२ पुगेको छ। जसमध्ये व्यक्तिगत परिवार ११,४१,३४५ र संस्थागत परिवार ५५७ रहेका छन् ।

७. **परिवारको औसत आकार (Average household size):** २०७८ सालमा लुम्बिनी प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ४.४९ जना रहेको छ, जुन २०६८ सालमा ५.०८ जना रहेको थियो। लुम्बिनी प्रदेशमा परिवारको आकार कपिलवस्तु जिल्लामा सबैभन्दा बढी (५.६०) र अर्घाखाँची जिल्लामा सबैभन्दा कम (३.६५) रहेको छ।

८. **नगरपालिका तथा गाउँपालिकाको जनसंख्या (Urban/Rural municipality population):** २०७८ सालको जनगणनामा लुम्बिनी प्रदेशको नगरपालिकाहरूको जनसंख्या ५५.२ प्रतिशत रहेको छ भने गाउँपालिकाहरूको जनसंख्या ४४.८ प्रतिशत रहेको छ।

९. **सबैभन्दा धेरै र कम जनसंख्या भएका जिल्ला (Districts with highest and lowest Population):** प्राप्त नतिजाअनुसार लुम्बिनी प्रदेशका १२ जिल्लाहरूमध्ये सबैभन्दा बढी जनसंख्या रूपन्देही जिल्लामा ११,२१,९५७ जना र सबैभन्दा कम जनसंख्या रूकुम पूर्व जिल्लामा ५६,७८६ जनाको अक्सर बसोवास रहेको छ। कपिलवस्तु र दाङ जिल्ला क्रमशः दोस्रो र तेस्रो धेरै जनसंख्या भएका जिल्लाहरू हुन्। कम जनसंख्या भएका जिल्लातर्फ अर्घाखाँची र प्यूठान क्रमशः दोस्रो र तेस्रो स्थानमा पर्दछन्।

१०. **मुख्य प्रयोग अनुसार घरको संख्या (Number of building structures by main use):** राष्ट्रिय जनगणना २०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पुर्ण घरहरूको विवरण संकलन गरिएको छ। घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ (बाह्र) प्रकारमा वर्गिकरण गरिएको छ। जनगणनाको नतिजा अनुसार लुम्बिनी प्रदेशमा जम्मा १२,९२,६७६ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरूपमा आवासको लागि प्रयोग भएका घर ७५.० प्रतिशत, गोठ/धन्सार/मतान १०.२ प्रतिशत, खाली घर ५.२ प्रतिशत, व्यापार २.९ प्रतिशत, शैक्षिक १.० प्रतिशत, संस्थागत ०.३ प्रतिशत, होटल तथा लज ०.३ प्रतिशत, उद्योग/कलकारखाना ०.४ प्रतिशत, सरकारी ०.३ प्रतिशत,

स्वास्थ्यजन्य ०.२ प्रतिशत, बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत र अन्य (जस्तैः भान्सा घर) ४.० प्रतिशत रहेका छन् ।

११. **घर वा आवासीय एकाइको स्वामित्व (Ownership of house/housing unit):** लुम्बिनी प्रदेशमा परिवारले आवासीय प्रयोग गरिरहेको घरको स्वामित्वमा कुल ११,४१,३४५ परिवारमध्ये ९०.८ प्रतिशत परिवारहरू आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेका छन् भने ८.३ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको छन् । गत २०६८ सालको जनगणनामा यो मान क्रमशः ९०.७ प्रतिशत र ८.० प्रतिशत रहेको थियो । हालको गणनाअनुसार ०.४ प्रतिशत परिवारहरू संस्थागत एकाइमा र ०.५ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेका छन् ।

१२. **खानेपानीको मुख्य स्रोत (Main source of drinking water):** राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार लुम्बिनी प्रदेशका कुल १,१४१,३४५ परिवार मध्ये ५७.५ प्रतिशत परिवारले धारा/पाइप (घरपरिसर भित्र र बाहिर समेत) बाट, ३२.८ प्रतिशतले ट्युववेल/हाते पम्पबाट, १.३ प्रतिशतले जार/बोतलबाट, २.६ प्रतिशतले मूल धाराबाट, २.६ प्रतिशतले ढाकिएको इनार/कुवाबाट पिउने पानी मुख्यरुपमा प्रयोग गर्ने गरेका छन् । खुला इनार/कुवाबाट पानीको प्रयोग गर्ने घरपरिवार २.३ प्रतिशत, नदी/खोलाबाट पिउने पानी प्रयोग गर्ने परिवारहरू ०.४ प्रतिशत रहेका छन् । राष्ट्रिय जनगणना २०६८ मा लुम्बिनी प्रदेशका ८८४,७५७ परिवारमध्ये ४४.३ प्रतिशत परिवारले ट्युववेल/हाते पम्पबाट र ४१.९ प्रतिशतले धारा/पाइपबाट (घरपरिसर भित्र र बाहिर समेत) पिउने पानी मुख्य रुपमा प्रयोग गर्ने गरेका थिए ।

१३. **खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन (Main source of cooking fuel):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले लुम्बिनी प्रदेशका कुल परिवार मध्ये आधा भन्दा बढी (५३.७ प्रतिशत) परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेका छन् । खाना पकाउन अक्सर एल.पि.ग्याँस, गुईठा/गोरहा, बायोग्याँस र बिजुली प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः ४२.२, २.१, १.५, ०.४ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ७१.१ प्रतिशतले खाना पकाउन अक्सर काठ दाउरा, १४.५ प्रतिशतले एल.पि.ग्याँस र १०.० प्रतिशतले गुईठा/गोरहा प्रयोग गर्ने गरेका थिए ।

१४. **बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत (Main source of lighting):** लुम्बिनी प्रदेशमा गत जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ६६.० प्रतिशत रहेकोमा हाल सो अंशमा उल्लेख्य वृद्धि भई ९३.७ प्रतिशत पुगेको छ । बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य ऊर्जा, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ४.५, १.०, र ०.८ प्रतिशत रहेका छन् । २०६८ सालमा बत्ती बाल्नका लागि अक्सर मट्टितेल र सोलार प्रयोग गर्ने परिवार क्रमशः २०.६ र ६.६ प्रतिशत रहेको थियो ।

१५. **शौचालयको सुविधा (Toilet facility):** राष्ट्रिय जनगणना २०७८ मा लुम्बिनी प्रदेशमा गणना गरिएका ११,४१,३४५ व्यक्तिगत परिवारमध्ये ९४.४ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने ५.६ प्रतिशत परिवारहरूसँग अझै पनि शौचालयको पहुँच नभएको पाइएको छ । गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवार ४५.० प्रतिशत थिए ।

१६. **परिवारले उपयोग गरेका साधन/सुविधा (Household assets/ amenities):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाअनुसार लुम्बिनी प्रदेशका ३.१ प्रतिशत परिवारहरूमा जनगणनामा सोधिएका कुनै पनि साधन तथा सुविधाहरू उपलव्ध नभएको पाइयो भने ९६.९ प्रतिशत परिवारमा कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ । लुम्बिनी प्रदेशमा स्मार्ट मोवाइल फोन हुने परिवारको प्रतिशत ७५.५ प्रतिशत छ भने त्यसपछि साधारण मोबाइल फोन भएका परिवार ७४.६ प्रतिशत रहेको छ । कुल परिवारमध्ये ५९.९ प्रतिशतमा विद्युतीय पंखा, ४७.० प्रतिशतमा टेलिभिजन, ४६.१ प्रतिशतमा साइकल, ३६.० प्रतिशतमा इन्टरनेट सुविधा, ३३.८ प्रतिशतमा रेडियो सुविधा, २५.५ प्रतिशतमा मोटरसाइकल/स्कुटर, २४.४ प्रतिशतमा रेफ्रिजेरेटर, ११.१ प्रतिशतमा कम्प्युटर/ल्यापटप, ३.० प्रतिशतमा ल्याण्डलाइन टेलिफोन, २.७ प्रतिशतमा वाशिंग मेशिन, २.५ प्रतिशतमा कार/जीप/भ्यान र १.२ प्रतिशत परिवारमा एयर कण्डिशनर साधन तथा सुविधा उपलव्ध रहेको छ ।

१७. **परिवारमा महिलाको नाममा रहेको घरजग्गा (Female ownership in house & land):** जनगणना २०७८ को नतिजा अनुसार लुम्बिनी प्रदेशमा कुल २३.४ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको छ । महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार

११.५ प्रतिशत रहेको छ जुन २०६८ सालको तुलनामा ०.२ प्रतिशत बिन्दुले बढी हो ।

१८. **कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारहरुको विवरण (Number of households operating small scale enterprises other than agriculture):** जनगणनाको नतिजा अनुसार लुम्बिनी प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र एक जना पनि तलबी कामदार नराखेका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार ९५,६१६ (८.४%) रहेका छन्। यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये घरेलु उद्योग १९,८६६ (२०.८%), व्यापार/व्यवसाय ४७,१४९ (४९.३%), यातायात ६,२९४ (६.६%), सेवा ११,१५५ (११.७%) र ११,१५२ (११.७%) अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने परिवार छन्। उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रूपमा पुरूषले सञ्चालन गरेका ५५.६ प्रतिशत र महिलाले सञ्चालन गरेका ४४.४ प्रतिशत रहेका छन् ।

१९. **परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्ति (Absentee abroad):** राष्ट्रिय जनगणना २०७८ का अनुसार लुम्बिनी प्रदेशमा जम्मा ३,०८,०७३ (२७.० प्रतिशत) परिवारबाट ४,२०,९०६ जना परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोवास गर्छन् जसमध्ये पुरूष ३,६७,६७० (८७.४ प्रतिशत) र महिला ५३,२३६ (१२.६ प्रतिशत) रहेका छन् । २०६८ को जनगणना अनुसार २,८५,४८७ (३२.३ प्रतिशत) परिवारबाट ४,१०,७५१ जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेका थिए । जसमध्ये पुरूषको संख्या ८९.४ प्रतिशत र महिलाको संख्या १०.६ प्रतिशत रहेका थिए ।

२०. **महिला परिवारमूली (Female household head):** राष्ट्रिय जनगणना २०७८ मा लुम्बिनी प्रदेशमा गणना गरिएका कुल ११,४१,९०२ परिवारमध्ये ३५.५ प्रतिशत परिवारमूली महिला रहेका छन् जुन २०६८ को तुलनामा ६.४ प्रतिशत बिन्दुले बढी हो । राष्ट्रियस्तरमा महिला परिवारमूली रहेका परिवार ३१.६ प्रतिशत रहेका छन् ।

२१. **वैवाहिक अवस्था (Marital status):** प्राप्त नतिजा अनुसार लुम्बिनी प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३२.९ प्रतिशत व्यक्तिहरू अविवाहित रहेका छन् जसमा पुरूष ३८.१ प्रतिशत र महिला २८.३ प्रतिशत छन् । त्यस्तै १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये ६१.८ प्रतिशत हाल विवाहित अवस्थामा र ४.८ प्रतिशत विधवा/विधुर अवस्थामा

छन् । हाल विवाहित पुरूष र महिलाहरू उनीहरूको कुल जनसंख्याको क्रमश: ५८.९ र ६४.३ प्रतिशत रहेका छन् ।

२२. **पहिलो विवाह गर्दाको उमेर (Age at first marriage):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले लुम्बिनी प्रदेशका धेरैजसो व्यक्तिहरू (३६.२ प्रतिशत) को पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखाएको छ। दोस्रोमा १५ देखि १७ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २४.४ प्रतिशत छन् । दश वर्षमूनीको उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू ०.४ प्रतिशत छन् । यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू ७.४ प्रतिशत रहेका छन् । लुम्बिनी प्रदेशमा पहिलो विवाह गर्दाको औषत उमेर (Median age at first marriage) १९ वर्ष रहेको छ, जसमा पुरूषको २० वर्ष र महिलाको १८ वर्ष रहेको छ ।

२३. **अपाङ्गता (Disability):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाअनुसार लुम्बिनी प्रदेशको कुल जनसंख्याको २.४ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्ति मध्ये पुरूष ५४.३ प्रतिशत र महिला ४५.७ प्रतिशत छन्। राष्ट्रियस्तरमा देशको कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै एक वा एक भन्दा बढी प्रकारको अपाङ्गता रहेको छ ।

२४. **साक्षरता दर (Literacy rate):** लुम्बिनी प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७८.१ प्रतिशत रहेको छ । पुरूषको साक्षरता दर ८५.२ प्रतिशत छ भने महिलाको साक्षरता दर ७१.७ प्रतिशत रहेको छ। नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत, पुरूषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ ।

२५. **उत्तीर्ण गरेको शैक्षिक तह (Education level completed):** राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा कुल साक्षर जनसंख्याको सबै भन्दा बढी अर्थात ३१.४ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन् । दोस्रोमा निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २१.७ प्रतिशत रहेका छन् । एस.एल.सि. वा सो सरह मात्र उत्तिर्ण गर्ने व्यक्तिहरू कुल साक्षर जनसंख्याको ८.१ प्रतिशत छन् । यसैगरी एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १५.२ प्रतिशत रहेका छन् ।

२६. **जन्मस्थानको आधारमा जनसंख्या (Population by place of birth):** राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा जन्मस्थान र हालको बसोबास एउटै गाउँपालिका वा नगरपालिका भएका व्यक्तिहरू ७१.२ प्रतिशत रहेका छन् । सो अवस्था हुने पुरूष ८०.६ प्रतिशत र महिला ६२.६ प्रतिशत रहेका छन् । कुल जनसंख्याको ७.६ प्रतिशत व्यक्तिहरूको जन्मस्थान सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिका, १७.५ प्रतिशत जनसंख्याको अर्को जिल्ला र ३.७ प्रतिशतको जन्मस्थान विदेश रहेको छ ।

२७. **पछिल्लो पटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या (Population by former place of residence for current migration):** जनगणना अनुसार लुम्बिनी प्रदेशमा हाल अक्सर बसोबास गरिरहेको गाउँपालिका वा नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै पनि बसोबास नगरेका व्यक्तिहरू ७०.२ प्रतिशत छन् जसमध्ये पुरूष ७९.१ प्रतिशत र महिला ६१.९ प्रतिशत रहेका छन् । कुल जनसंख्याको ८.७ प्रतिशत व्यक्तिहरूको यस अघिको बसोबास सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिकामा, १६.७ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र ४.४ प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ ।

२८. **पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा जनसंख्या (Population at the current place of residence by duration of last migration):** जनगणना अनुसार लुम्बिनी प्रदेशमा पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा हेर्दा बसाइँ सरेका कुल १५,२७,६७४ जना मध्ये सबैभन्दा बढी ३२.२ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ भने सबैभन्दा कम ३.९ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि ५० वर्षभन्दा बढी रहेको छ । पछिल्लो पटक बसाइँ सरेको अवधि १ वर्ष भन्दा कम हुने व्यक्तिहरू ३.१ प्रतिशत रहेका छन् । यसैगरी लैङ्गिक हिसावले सबैभन्दा बढी २९.२ प्रतिशत पुरूषहरू र ३३.६ प्रतिशत महिलाहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ ।

२९. **हाल बसाइँ सर्नुको कारण (Reasons for current migration):** जनगणना अनुसार लुम्बिनी प्रदेशमा यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा आउनुको मुख्य कारणमा सबैभन्दा बढी ३९.२

प्रतिशत विवाह रहेको छ। हाल बसोबास गरेको स्थानमा आउनुका अन्य कारणहरू काम/रोजगारी ११.७ प्रतिशत, व्यापार/व्यवसाय २.९ प्रतिशत, अध्ययन/तालिम ६.१ प्रतिशत, आश्रित २०.३ प्रतिशत, प्राकृतिक प्रकोप ०.५ प्रतिशत, कृषि ४.९ प्रतिशत, घर फर्किएको ५.१ प्रतिशत र अन्य ७.५ प्रतिशत रहेका छन्। बसाइँसराइ गरी आएका पुरूषमध्ये सबैभन्दा बढी २६.८ प्रतिशत काम/रोजगारीको कारण र महिलामध्ये ५८.२ प्रतिशत विवाहका कारण रहेका छन्।

३०. **महिलाको प्रजनन् अवस्था (Fertility Status):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लुम्बिनी प्रदेशमा १५-४९ वर्षका विवाहित महिला (११,२६,८१७ जना) मध्ये १२.४ प्रतिशतले गणनाको समयसम्म कुनै पनि जीवित बच्चा जन्माएका छैनन् भने २ जना जीवित बच्चा जन्माएका महिलाको संख्या सबैभन्दा बढी ३३.४ प्रतिशत रहेको छ। गणनाको समयसम्म १ जना मात्र जीवित बच्चा जन्माउने विवाहित महिला २२.९ प्रतिशत रहेका छन् भने ७ वा सो भन्दा बढी जीवित बच्चा जन्माउने महिला ०.९ प्रतिशत रहेको छ। १५-४९ वर्षका कुल ११,२६,८१७ जना विवाहित महिलाले हालसम्म २३,३२,९९३ जना बच्चा जन्माएका छन्। जसमध्ये छोरा ५२.४ प्रतिशत र छोरी ४७.६ प्रतिशत रहेको छ। कुल जीवित जन्मेका बच्चाहरूमध्ये ३.९ प्रतिशतको मृत्यु भएको थियो। मृत्यु भएका बच्चाहरूमध्ये छोरा ५७.५ प्रतिशत र छोरी ४२.५ प्रतिशत रहेका थिए।

३१. **महिलाको हालको प्रजनन् अवस्था (Current Fertility Status):** राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा गणनाको दिनदेखि १२ महिना अघिको समयमा कुल ७६,२४३ जना बच्चाको जन्म भएको थियो जसमध्ये ३९,८६४ जना अर्थात ५२.३ प्रतिशत छोरा र ३६,३७९ अर्थात् ४७.७ प्रतिशत छोरीको जन्म भएको थियो। १ वर्षको अवधिमा जन्मेका बच्चाहरूमध्ये सबैभन्दा धेरै ३५.९ प्रतिशत बच्चाको जन्म २०-२४ बर्षका महिलाबाट भएको थियो।

३२. **बालबालिकाको बसाइँको अवस्था (Status of living arrangement of children):** लुम्बिनी प्रदेशमा अठार बर्ष भन्दा कम उमेरका १७,८३,०१२ बालबालिकामध्ये सबैभन्दा बढी ७५.८ प्रतिशत बालबालिकाहरू आमाबाबु दुबैसँग बस्ने गरेका छन्। आमासँग मात्र बस्ने बालबालिका १९.८ प्रतिशत, बाबुसँग मात्र बस्ने बालबालिका १.० प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका २.६ प्रतिशत रहेका छन्।

३३. **आर्थिक काम गरेको अवधि (Duration of economic activities performed):** राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा १० वर्ष वा बढी उमेरका ४१,८४,२९९ जना व्यक्तिहरू मध्ये २६,२५,९२५ जनाले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ३८.७ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २४.१ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ३७.२ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन् ।

३४. **आर्थिक रुपले सक्रिय जनसंख्या (Economically active population):** लुम्बिनी प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका ४१,८४,२९९ जना व्यक्तिहरू मध्ये २७,५२,१९६ जना (६५.८ प्रतिशत) आर्थिक रूपले सक्रिय र १४,२०,९७४ जना (३४.० प्रतिशत) आर्थिक रूपले निष्क्रिय रहेका छन् जबकी आर्थिक रूपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरूको संख्या ११,१२९ जना रहेका छन् ।

३५. **अक्सर आर्थिकरुपले सक्रिय जनसंख्या (Usually economically active population):** १० वर्ष वा सोभन्दा बढी उमेरका २७,५२,१९६ जना आर्थिक रूपले सक्रिय व्यक्तिहरूमध्ये १८,७२,२११ जना (६८.० प्रतिशत) अक्सर आर्थिकरूपले सक्रिय र ८,७९,९८५ जना (३२.० प्रतिशत) अक्सर आर्थिक रूपले निष्क्रिय रहेका छन् ।

३६. **अक्सर रोजगार जनसंख्या (Usually employed population)M** १० वर्ष वा सोभन्दा बढी उमेरका १८,७२,२११ जना अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिहरू मध्ये १७,२०,६३३ जना (९१.९ प्रतिशत) अक्सर रोजगार र १,५१,५७८ जना (८.१ प्रतिशत) अक्सर बेरोजगार रहेका छन् ।

३७. **आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main occupation):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ । लुम्बिनी प्रदेशमा आर्थिक काम गरेका कुल जनसंख्या २६,२५,९२५ मध्ये ५१.१ प्रतिशत पुरूष र ४८.९ प्रतिशत महिला रहेका छन् । आर्थिक काम गरेका जनसंख्या मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ५४.० प्रतिशत रहेका छन् । यसपछि क्रमशः सामान्य वा प्राथमिक पेशाका कामदारहरू २२.७ प्रतिशत, शिल्पकला तथा कालिगढ र

यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ५.५ प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ४.६ प्रतिशत, व्यवस्थापकहरू ४.५ प्रतिशत, पेशाविद् ३.१ प्रतिशत, यन्त्र प्रचालक तथा जडान गर्ने कामदारहरू २.६ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू १.३ प्रतिशत, कार्यालय सहायकहरू ०.९ प्रतिशत र सशस्त्र सैनिक अधिकारीहरू ०.५ प्रतिशत रहेका छन् ।

३८. **आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main industry):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ । लुम्बिनी प्रदेशमा आर्थिक काममा संलग्न २६,२५,९२५ मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६०.३ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापारमा ११.७ प्रतिशत, निर्माणमा ९.४ प्रतिशत, औद्योगिक उत्पादनमा ३.३ प्रतिशत र अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरूमा ३.३ प्रतिशत जनसंख्या संलग्न रहेका छन् ।

३९. **आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण (Economically active population by employment status):** राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरू कुल २६,२५,९२५ जना रहेका छन् । जसमध्ये सबैभन्दा बढी आफ्नै काम गर्ने ५७.६ प्रतिशत, अरूको काम गर्ने २५.९ प्रतिशत, परिवारमा सघाउने मात्र १५.१ प्रतिशत, रोजगारदाता १.३ प्रतिशत र उल्लेख नभएको ०.१ प्रतिशत रहेका छन् ।

४०. **आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण (Economically active population by institutional sector):** राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरूको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी घरायसी क्षेत्रमा काम गर्ने ६५.२ प्रतिशत, गैर वित्तीय संस्थामा काम गर्ने ३०.१ प्रतिशत, सरकारी क्षेत्रमा काम गर्ने ३.५ प्रतिशत, वित्तीय संस्थामा काम गर्ने ०.७ प्रतिशत, नाफा नकमाउने संस्थामा काम गर्ने ०.३ प्रतिशत र उल्लेख नभएको क्षेत्रमा काम गर्ने ०.१ प्रतिशत रहेका छन् ।

४१. **आर्थिक काम नगर्नुको कारण (Reasons for not being economically active):** लुम्बिनी प्रदेशमा दश वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिहरू मध्ये सबैभन्दा धेरै ४७.५ प्रतिशतले विद्यार्थी भएका कारणले आर्थिक काम नगरेको देखिन्छ। त्यसपछि अन्य कारणहरूमा क्रमशः घरधन्दा २१.७ प्रतिशत, बृद्ध अवस्था ११.० प्रतिशत, पारिवारिक हेरचाह ७.७ प्रतिशत, अशक्त/बिरामी २.५ प्रतिशत, पेन्सन/आयस्ता १.९ प्रतिशत, सामाजिक कार्य/स्वयंसेवा ०.३ प्रतिशत र अन्यमा ७.१ प्रतिशत रहेको छ।

४२. **बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (Birth registration status of children):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लुम्बिनी प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ५,४१,०५९ जना बालबालिका मध्ये ७२.० प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २८.० प्रतिशतको जन्मदर्ता नगरेको देखिन्छ। जन्म दर्ता गरेको संख्यामध्ये बालकको संख्या बालिकाको संख्याभन्दा ०.४ प्रतिशत बिन्दुले बढी रहेको छ।

**तालिका १: विशेष उमेर समूहअनुसार जनसंख्याको संरचना**

| उमेर समूह | नेपाल | | लुम्बिनी प्रदेश | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्ष भन्दा कम | ४११११५९ | १.४१ | ७६४४९ | १.४९ |
| ०-५ वर्ष | २४३९२८३ | ८.३६ | ४३९८४१ | ८.५९ |
| ०-१४ वर्ष | ८११५५७५ | २७.८३ | १४६०८५७ | २८.५२ |
| ०-१८ वर्ष | १०५७७९६९ | ३६.२७ | १९०९४९८ | ३७.२८ |
| १६-२४ वर्ष | ५१४२३३६ | १७.६३ | ९२६१२१ | १८.०८ |
| १६-४० वर्ष | १२४१२१७३ | ४२.५६ | २२०८०५३ | ४३.११ |
| १६ वर्ष वा सो भन्दा माथि | २०४४१८७५ | ७०.०९ | ३५४९७९६ | ६९.३० |
| १५-५९ वर्ष | १८०७१६८५ | ६१.९६ | ३१७१४६२ | ६१.९२ |
| १५-४९ वर्षका महिला (कुल महिला मध्ये) | ८२३२१८१ | ५५.२१ | १४९९२२० | ५६.२० |
| ६० वर्ष वा सो भन्दा माथि | २९७७३१८ | १०.२१ | ४८९७५९ | ९.५६ |
| ६८ वर्ष वा सो भन्दा माथि | १५२४७६३ | ५.२३ | २४७८८६ | ४.८४ |

## तालिका २: भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८

| क्षेत्र | जम्मा परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | जन-घनत्व | जनसंख्या २०६८ |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ४.३७ | ९५.५९ | १९८ | २६४९४५०४ |
| प्रदेश | | | | | | | | |
| लुम्बिनी प्रदेश | ११४१९०२ | ५१२२०७८ | २४५४४०८ | २६६७६७० | ४.४९ | ९२.०१ | २३० | ४४९९२७२ |
| जिल्ला | | | | | | | | |
| रुकुम-पूर्व | १२८८६ | ५६७८६ | २७५१६ | २९२७० | ४.४१ | ९४.०१ | ३४ | ५३१८४ |
| रोल्पा | ५२२२१ | २३४७९३ | १०९८७१ | १२४९२२ | ४.५० | ८७.९५ | १२५ | २२४५०६ |
| प्युठान | ५६२०३ | २३२०१९ | १०४१३२ | १२७८८७ | ४.१३ | ८१.४३ | १७७ | २२८१०२ |
| गुल्मी | ६६१२५ | २४६४९४ | ११२०२५ | १३४४६९ | ३.७३ | ८३.३१ | २१५ | २८०१६० |
| अर्घाखाँची | ४८४६५ | १७७०८६ | ८०६७२ | ९६४१४ | ३.६५ | ८३.६७ | १४८ | १९७६३२ |
| पाल्पा | ६५०४९ | २४५०२७ | ११२७६१ | १३२२६६ | ३.७७ | ८५.२५ | १७८ | २६११८० |
| नवलपरासी - पश्चिम | ८२७३८ | ३८६८६८ | १८८१८२ | १९८६८६ | ४.६८ | ९४.७१ | ५२७ | ३३१९०४ |
| रुपन्देही | २३८३२० | ११२१९५७ | ५५०४७८ | ५७१४७९ | ४.७१ | ९६.३३ | ८२५ | ८८०१९६ |
| कपिलवस्तु | १२१९४६ | ६८२९६१ | ३३४६८७ | ३४८२७४ | ५.६० | ९६.१० | ३९३ | ५७१९३६ |
| दाङ्ग | १६२३१६ | ६७४९९३ | ३२०५७३ | ३५४४२० | ४.१६ | ९०.४५ | २२८ | ५५२५८३ |
| बाँके | १२९३०७ | ६०३१९४ | २९६७४५ | ३०६४४९ | ४.६६ | ९६.८३ | २५८ | ४९१३१३ |
| बर्दिया | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | २२७ | ४२६५७६ |

| वार्षिक जन-संख्या वृद्धिदर (%) | अनुपस्थित (अक्सर विदेशमा बस्ने) जनसंख्या | | | | | अपाङ्गता भएको जनसंख्या | | | ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर जनसंख्या (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या* | जम्मा जनसंख्या | पुरुष | महिला | प्रतिशत** | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ०.९२ | १५५५९६१ | २१९०५९२ | १७९९६७५ | ३९०९१७ | १०० | ६४७७४४ | ३५१३०१ | २९६४४३ | ७६.२५ | ८३.५५ | ६९.३७ |
| | | | | | | | | | | | |
| १.२४ | ३०८०७३ | ४२०९०६ | ३६७६७० | ५३२३६ | १९.२१ | १२०४१४ | ६५३९९ | ५५०१५ | ७८.०८ | ८५.१८ | ७१.६६ |
| | | | | | | | | | | | |
| ०.६३ | २५३२ | ३१०८ | २८६४ | २४४ | ०.१४ | २१५६ | ११७१ | ९८५ | ७१.३५ | ७९.६६ | ६३.६७ |
| ०.४३ | १५०२८ | २००२४ | १७८१२ | २२१२ | ०.९१ | ८९१६ | ४६९९ | ४२१७ | ७५.६३ | ८३.९९ | ६८.४५ |
| ०.१६ | २३१९७ | ३१७२० | २९०१५ | २७०५ | १.४५ | ६३१७ | ३३७९ | २९३८ | ८०.१३ | ८७.८८ | ७४.०० |
| -१.२३ | २७१८३ | ४१५५० | ३५४७९ | ६०७१ | १.९० | ७८३२ | ४३५६ | ३४७६ | ८०.३४ | ८८.०१ | ७४.११ |
| -१.०५ | २०३६४ | २९९३४ | २६२७० | ३६६४ | १.३७ | ६२४६ | ३४५६ | २७९० | ८०.०५ | ८७.७५ | ७३.८० |
| -०.६१ | २२९५५ | ३०६९८ | २७७८६ | २९१२ | १.४० | ७७१९ | ४१३० | ३५८९ | ८३.६७ | ९०.५१ | ७७.९७ |
| १.४७ | २१९२४ | २७९४२ | २४५७० | ३३७२ | १.२८ | ९१३८ | ४९११ | ४२२७ | ७७.९७ | ८६.२७ | ७०.२१ |
| २.३३ | ५८९३५ | ७९८१८ | ६७२३३ | १२५८५ | ३.६४ | १८२३९ | १०१३२ | ८१०७ | ८१.२३ | ८८.३६ | ७४.४५ |
| १.७० | ३१०७२ | ४३८८१ | ३९२७३ | ४६०८ | २.०० | १२९२२ | ७१८७ | ५७३५ | ७१.८२ | ७९.६३ | ६४.३७ |
| १.९२ | ४१७९८ | ५३३९४ | ४७१९९ | ६१९५ | २.४४ | १२८३६ | ६९४० | ५८९६ | ८१.४० | ८७.८५ | ७५.६७ |
| १.९७ | २२४९२ | २९५९४ | २५६९७ | ३८९७ | १.३५ | १३२५४ | ७३१२ | ५९४२ | ७३.४० | ७९.६१ | ६७.४८ |
| ०.७२ | २०५९३ | २९२४३ | २४४७२ | ४७७१ | १.३३ | १४८३९ | ७७२६ | ७११३ | ७६.८५ | ८२.९४ | ७१.५३ |

*कम्तिमा एक जना विदेशमा बसोबास गर्ने परिवार

**अक्सर विदेशमा बस्ने कुल जनसंख्या मध्ये प्रदेश तथा जिल्लाको %

## तालिका ३: स्थानीय तह अनुसार परिवार संख्या र जनसंख्या विवरण

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| रुकुम पूर्व | | | | | | | | | | | | | |
| भूमे गाउँपालिका | ३८३५ | १८५८९ | ४२११ | १९८२९ | ९४२० | १०४०९ | ४.७१ | ९०.५० | ०.६२ | ७२ | ७०.५६ | ७९.६३ | ६२.५१ |
| पुथा उत्तरगंगा गाउँपालिका | ३८६१ | १७९३२ | ४३६८ | १८३०८ | ८९७९ | ९३२९ | ४.१९ | ९६.२५ | ०.२० | ३३ | ६७.७४ | ७५.४७ | ६०.३९ |
| सिस्ने गाउँपालिका | ३५०६ | १६४९७ | ४२९९ | १८५३४ | ९०१४ | ९५२० | ४.३१ | ९४.६८ | १.१२ | ५७ | ७५.६० | ८३.६६ | ६८.१२ |
| संस्थागत | ७ | १६६ | ८ | ११५ | १०३ | १२ | | | | | १००.०० | १००.०० | १००.०० |
| जम्मा | ११२०९ | ५३१८४ | १२८८६ | ५६७८६ | २७५१६ | २९२७० | ४.४१ | ९४.०१ | ०.६३ | ३४ | ७१.३५ | ७९.६६ | ६३.६७ |
| रोल्पा | | | | | | | | | | | | | |
| परिवर्तन गाउँपालिका | ४०१८ | २०७७८ | ४६८२ | २१६७१ | ९९८५ | ११६८६ | ४.६३ | ८५.४४ | ०.४० | १३३ | ७३.८९ | ८१.२८ | ६७.६९ |
| लुङग्री गाउँपालिका | ४४०२ | २३६३१ | ५४८६ | २६३२५ | १२०८५ | १४२४० | ४.८० | ८४.८७ | १.०४ | १९५ | ६८.९७ | ७८.८४ | ६०.८४ |
| माडी गाउँपालिका | ३,६५८ | १७,९८६ | ४१३३ | १८०५६ | ८४२१ | ९६३५ | ४.३७ | ८७.४० | ०.०४ | १४० | ७७.४३ | ८६.०३ | ६८.९६ |
| रोल्पा नगरपालिका | ७१३३ | ३२७५९ | ८७४५ | ३५३७६ | १६१५८ | १९२१८ | ४.०५ | ८४.०८ | ०.७४ | १३१ | ७९.०३ | ८६.६७ | ७२.७४ |
| रुन्टीगढी गाउँपालिका | ५६८४ | २७९२९ | ६२२४ | २८२९१ | १३३४९ | १४९४२ | ४.५५ | ८९.३४ | ०.१२ | १२२ | ७८.६५ | ८६.४८ | ७१.७७ |
| सुनिल स्मृति गाउँपालिका | ५६५७ | २८२१३ | ७००९ | ३०६१७ | १४०९५ | १६५२२ | ४.३७ | ८५.३१ | ०.७८ | १९६ | ७४.४६ | ८४.४२ | ६६.३० |
| गंगादेव गाउँपालिका | ३४५५ | २०००९ | ४४३३ | २१५०३ | १००४५ | ११४५८ | ४.८५ | ८७.६७ | ०.६९ | १७३ | ७७.२६ | ८४.३९ | ७१.२० |
| सुनछहरी गाउँपालिका | ३०१६ | १६०३४ | ३५८६ | १७२४१ | ८२९० | ८९५१ | ४.८१ | ९२.६२ | ०.७० | ६२ | ७२.०९ | ८१.४३ | ६३.४६ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| थबाङ गाउँपालिका | २१७२ | १०८८१ | २५५१ | १०८५१ | ५११० | ५७४१ | ४.२५ | ८९.०१ | -०.०३ | ५७ | ७३.३३ | ८२.६८ | ६५.०७ |
| त्रिवेणी गाउँपालिका | ४५४० | २२९५७ | ५३५७ | २३४१२ | ११०२४ | १२३८८ | ४.३७ | ८८.९९ | ०.१९ | ११४ | ७६.८७ | ८३.९२ | ७०.७२ |
| संस्थागत | २२ | ३३२९ | १५ | १४५० | १३०९ | १४१ | | | | | ९८.९६ | ९९.०८ | ९७.८४ |
| जम्मा | ४३७५७ | २२४५०६ | ५२२२१ | २३४७९३ | १०९८७१ | १२४९२२ | ४.५० | ८७.९५ | ०.४३ | १२५ | ७५.६३ | ८३.९९ | ६८.४५ |
| प्यूठान | | | | | | | | | | | | | |
| ऐरावती गाउँपालिका | ४६५० | २२३९२ | ५११२ | २०४२८ | ९०२९ | ११३९९ | ४.०० | ७९.२१ | -०.८८ | १३० | ७८.१९ | ८६.४९ | ७१.८७ |
| गौमुखी गाउँपालिका | ४७८५ | २५४२१ | ५५७८ | २५९८० | १२०१७ | १३९६३ | ४.६६ | ८६.०६ | ०.२१ | १८७ | ७८.२० | ८५.२३ | ७२.३२ |
| झिमरुक गाउँपालिका | ५८६८ | २७९३१ | ६५३४ | २६१३० | ११६३१ | १४४९९ | ४.०० | ८०.२२ | -०.६४ | २४४ | ८१.७८ | ८८.५९ | ७६.४९ |
| मल्लरानी गाउँपालिका | ४१२० | १७६८६ | ४१३८ | १५६४६ | ६८४३ | ८८०३ | ३.७८ | ७७.७३ | -१.१८ | १९५ | ८०.०० | ८८.५६ | ७३.५७ |
| माण्डवी गाउँपालिका | ३०६८ | १५०५८ | ३७९४ | १५८६३ | ७०३९ | ८८२४ | ४.१८ | ७९.७७ | ०.५० | १४० | ८१.५५ | ८९.७५ | ७५.२२ |
| नौबहिनी गाउँपालिका | ५८०९ | ३०२९२ | ७१३३ | ३२६८२ | १५०३३ | १७६४९ | ४.५८ | ८५.१८ | ०.७३ | १५३ | ७४.१४ | ८२.४० | ६७.२९ |
| प्यूठान नगरपालिका | ८९६४ | ३८४४९ | ११२३५ | ४२१३० | १८८७९ | २३२५१ | ३.७५ | ८१.२० | ०.८८ | ३२७ | ८४.४६ | ९१.६१ | ७८.८३ |
| सरुमारानी गाउँपालिका | ३४८४ | १८६२७ | ४४५३ | १९७८३ | ८८३२ | १०९५१ | ४.४४ | ८०.६५ | ०.५८ | १२५ | ७९.१५ | ८६.९८ | ७३.०२ |
| स्वर्गद्वारी नगरपालिका | ६९६८ | ३०९४० | ८२१८ | ३२०३७ | १३५७२ | १८४६५ | ३.९० | ७३.५० | ०.३३ | १४३ | ८०.९५ | ८९.४२ | ७४.९४ |
| संस्थागत | १४ | १३०६ | ८ | १३४० | १२५७ | ८३ | | | | | ९८.७३ | ९९.०५ | ९३.९८ |
| जम्मा | ४७७३० | २२८१०२ | ५६२०३ | २३२०१९ | १०४१३२ | १२७८८७ | ४.१३ | ८१.४३ | ०.१६ | १७७ | ८०.१३ | ८७.८८ | ७४.०० |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| गुल्मी | | | | | | | | | | | | | |
| चन्द्रकोट गाउँपालिका | ५१२१ | २१८२७ | ५०२९ | १८६६२ | ८४७१ | १०१९१ | ३.७१ | ८३.१२ | -१.५० | १७७ | ७९.६३ | ८७.४७ | ७३.२८ |
| छत्रकोट गाउँपालिका | ५३१५ | २१४८१ | ५३०७ | १९३५७ | ८६१७ | १०७४० | ३.६५ | ८०.२३ | -१.०० | २२२ | ७९.१९ | ८७.६४ | ७२.६१ |
| धुर्कोट गाउँपालिका | ५३०७ | २२४५४ | ५३८२ | १८८१४ | ८३१२ | १०५०२ | ३.५० | ७९.१५ | -१.७० | २१८ | ७८.८४ | ८६.१८ | ७३.१९ |
| गुल्मीदरबार गाउँपालिका | ५२६६ | २२०३७ | ५२५३ | १९२९६ | ८४०६ | १०८९० | ३.६७ | ७७.१९ | -१.२७ | २४१ | ८२.१० | ९१.१४ | ७५.३६ |
| इस्मा गाउँपालिका | ४७१६ | २०९६४ | ५००९ | १८५२९ | ८४०९ | १०१२० | ३.७० | ८३.०९ | -१.१८ | २२६ | ७४.५७ | ८२.४४ | ६८.२४ |
| कालिगण्डकी गाउँपालिका | ४०९८ | १८८७६ | ३७३६ | १५०४४ | ७०७४ | ७९७० | ४.०३ | ८८.७६ | -२.१८ | १४९ | ७९.६७ | ८८.६९ | ७१.८० |
| मदाने गाउँपालिका | ४८५७ | २१८९९ | ५२५३ | २००२२ | ८९७३ | ११०४९ | ३.८१ | ८१.२१ | -०.८६ | २१२ | ७७.०२ | ८५.३७ | ७०.३९ |
| मालिका गाउँपालिका | ४५५० | २१७२९ | ५२४१ | २००७५ | ९१८८ | १०८८७ | ३.८३ | ८४.३९ | -०.७६ | २१७ | ७७.८९ | ८६.२० | ७०.२१ |
| मुसिकोट नगरपालिका | ७०७५ | ३२८०२ | ७०९९ | २८४५४ | १३०९६ | १५३५८ | ४.०१ | ८५.२७ | -१.३६ | २४८ | ८०.६० | ८७.५१ | ७४.८४ |
| रेसुङ्गा नगरपालिका | ८३५३ | ३२५४८ | ९०१५ | ३१५५१ | १४५५० | १७००१ | ३.५० | ८५.५८ | -०.३० | ३७७ | ८५.३७ | ९१.८० | ८०.०२ |
| रुरुक्षेत्र गाउँपालिका | ४७०३ | १८५८१ | ४६०७ | १६५९७ | ७६०७ | ८९९० | ३.६० | ८४.६२ | -१.०८ | २४६ | ८२.७३ | ९०.२६ | ७६.४४ |
| सत्यवती गाउँपालिका | ५५२६ | २३८०७ | ५१६९ | १९४७३ | ८७९३ | १०६८० | ३.७७ | ८२.३३ | -१.९३ | १६८ | ८१.८६ | ८९.२१ | ७५.९२ |
| संस्थागत | ३४ | ११५५ | २५ | ६२० | ५२९ | ९१ | | | | | ९४.५० | ९९.६२ | ६४.४४ |
| जम्मा | ६४९२१ | २८०१६० | ६६१२५ | २४६४९४ | ११२०२५ | १३४४६९ | ३.७३ | ८३.३१ | -१.२३ | २१५ | ८०.३४ | ८८.०१ | ७४.११ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| अर्घाखाँची | | | | | | | | | | | | | |
| भुमिकास्थान नगरपालिका | ७७२७ | ३२६४० | ७७६० | २८१९२ | १२५५२ | १५६४० | ३.६३ | ८०.२६ | -१.४१ | १७७ | ७६.९१ | ८५.१८ | ७०.५४ |
| छत्रदेव गाउँपालिका | ६३४१ | २५३३५ | ६२२८ | २१६११ | ९४९५ | १२११६ | ३.४७ | ७८.३७ | -१.५३ | २४७ | ७८.७९ | ८७.१६ | ७२.४४ |
| मालारानी गाउँपालिका | ६८२४ | २८०४४ | ६७८० | २४१५० | १०७६९ | १३३८१ | ३.५६ | ८०.४८ | -१.४३ | २३९ | ७६.७२ | ८४.२९ | ७०.८२ |
| पाणिनी गाउँपालिका | ६१५२ | २६४२४ | ६१६१ | २२२९१ | १०००० | १२२९१ | ३.६२ | ८१.३६ | -१.६३ | १४७ | ७९.८८ | ८७.८९ | ७३.५६ |
| सन्धिखर्क नगरपालिका | १०५८१ | ४१०७९ | १२०७० | ४२४९२ | १९४९० | २३००२ | ३.५२ | ८४.७३ | ०.३२ | ३२८ | ८४.५० | ९१.२७ | ७८.९५ |
| शितगंगा नगरपालिका | ९२०१ | ४३३७३ | ९४५० | ३७६९१ | १७७४९ | १९९४२ | ३.९९ | ८९.०० | -१.३५ | ६२ | ७९.९८ | ८७.६२ | ७३.३४ |
| संस्थागत | ९ | ७३७ | १६ | ६५९ | ६१७ | ४२ | | | | | ९७.८६ | ९८.०५ | ९५.०० |
| जम्मा | ४६८३५ | १९७६३२ | ४८४६५ | १७७०८६ | ८०६७२ | ९६४१४ | ३.६५ | ८३.६७ | -१.०५ | १४८ | ८०.०५ | ८७.७५ | ७३.८० |
| पाल्पा | | | | | | | | | | | | | |
| बगनासकाली गाउँपालिका | ५२७० | २१३६१ | ५११५ | १८४९७ | ८३९६ | १०१०१ | ३.६२ | ८३.१२ | -१.३८ | २२० | ८१.७४ | ९१.०१ | ७४.१८ |
| माथागढी गाउँपालिका | ५०६६ | २५०१७ | ५८२३ | २४०५३ | ११९८४ | १२८६९ | ४.१३ | ८६.९१ | -०.३८ | ११२ | ६३.७६ | ७४.५९ | ५३.९६ |
| निस्दी गाउँपालिका | ३८९१ | २२६११ | ४१६५ | १८१२० | ८३४५ | ९७७५ | ४.३५ | ८५.३७ | -२.१२ | ९३ | ७८.५३ | ८५.८२ | ७२.३८ |
| पुर्वखोला गाउँपालिका | ४०८५ | १९५८९ | ४१२१ | १६०५२ | ७०९३ | ८९५९ | ३.९० | ७९.१७ | -१.९१ | ११६ | ८१.०३ | ८७.५५ | ७५.९९ |
| रैनादेवी छहरा गाउँपालिका | ६००९ | २६४६९ | ६३३० | २३१४९ | १०५११ | १२६३८ | ३.६६ | ८३.१७ | -१.२९ | १३२ | ८२.६० | ८८.९१ | ७७.४७ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| रम्भा गाउँपालिका | ४६२६ | २०१९० | ४६८९ | १७१५५ | ७५२५ | ९६३० | ३.६६ | ७८.१४ | -१.५६ | १८२ | ७८.६८ | ८६.९९ | ७२.३९ |
| रामपुर नगरपालिका | ८१३२ | ३५३९६ | ११३६३ | ४०८८३ | १८४९७ | २२३८६ | ३.६० | ८२.६३ | १.३८ | ३३१ | ८४.८७ | ९१.०४ | ७९.९४ |
| रिब्दीकोट गाउँपालिका | ४६४७ | १८७७० | ४४०२ | १५४७३ | ७०२६ | ८४४७ | ३.५१ | ८३.१८ | -१.८५ | १२४ | ८०.५८ | ८८.६४ | ७४.१० |
| तानसेन नगरपालिका | १३६४६ | ५०४०५ | १४७८२ | ५०७९२ | २३४१४ | २७३७८ | ३.४४ | ८५.५२ | ०.०७ | ४६३ | ८९.०५ | ९४.६२ | ८४.३८ |
| तिनाउ गाउँपालिका | ३८८८ | १९०८५ | ४२०१ | १७७७७ | ८४५१ | ९३२६ | ४.२३ | ९०.६२ | -०.६८ | ८८ | ८१.९२ | ८९.२८ | ७५.३६ |
| संस्थागत | ३१ | २२८७ | ५८ | ३०७६ | २३१९ | ७५७ | | | | | ९६.९३ | ९६.८४ | ९७.२१ |
| जम्मा | ५९२९१ | २६११८० | ६५०४९ | २४५०२७ | ११२७६१ | १३२२६६ | ३.७७ | ८५.२५ | -०.६१ | १७८ | ८३.६७ | ९०.५१ | ७७.९७ |
| नवलपरासी पश्चिम | | | | | | | | | | | | | |
| बर्दघाट नगरपालिका | १३४१५ | ६१४७२ | १८५०१ | ७६७०३ | ३५६७५ | ४१०२८ | ४.१५ | ८६.९५ | २.१२ | ४७३ | ८२.५३ | ८९.२४ | ७६.८१ |
| पाल्हीनन्दन गाउँपालिका | ५८८१ | ३५४२९ | ७१८० | ३८१८६ | १९०१६ | १९१७० | ५.३२ | ९९.२० | ०.७२ | ८५५ | ७१.८८ | ८२.४९ | ६१.५१ |
| प्रतापपुर गाउँपालिका | ७३८६ | ४५२४१ | ९७०२ | ४९८९७ | २४८१२ | २५०८५ | ५.१४ | ९८.९१ | ०.९४ | ५७० | ७२.९० | ८२.३५ | ६३.६४ |
| रामग्राम नगरपालिका | १०२८२ | ५६८४५ | १३१३७ | ६४०१७ | ३१६५६ | ३२३६१ | ४.८७ | ९७.८२ | १.१४ | ४९९ | ७७.६५ | ८७.६२ | ६७.९९ |
| सरावल गाउँपालिका | ६६३३ | ३७४१८ | ८७४५ | ४२२०७ | २०५३७ | २१६७० | ४.८३ | ९४.७७ | १.१६ | ५७७ | ७४.४६ | ८३.३४ | ६६.१४ |
| सुनवल नगरपालिका | १२०१८ | ५५७९० | १७४१८ | ७२०८५ | ३३७९३ | ३८२९२ | ४.१४ | ८८.२५ | २.४६ | ५१८ | ८३.८९ | ९०.४० | ७८.३० |
| सुस्ता गाउँपालिका | ६२३० | ३५८९० | ८०२६ | ४०६५५ | १९७०४ | २०९५१ | ५.०७ | ९४.०५ | १.२० | ३६२ | ७३.०२ | ८१.२५ | ६५.३३ |
| संस्थागत | १४ | ३८१९ | २९ | ३११८ | २९८९ | १२९ | | | | | ९८.१७ | ९८.०९ | १००.०० |
| जम्मा | ६१८५९ | ३३१९०४ | ८२७३८ | ३८६८६८ | १८८१८२ | १९८६८६ | ४.६८ | ९४.७१ | १.४७ | ५२७ | ७७.९७ | ८६.२७ | ७०.२१ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| रुपन्देही | | | | | | | | | | | | | |
| बुटवल उपमहानगरपालिका | ३४०९७ | १३८७४२ | ५०५६५ | १९४३३५ | ९४८४९ | ९९४८६ | ३.८४ | ९५.३४ | ३.२३ | १९१३ | ९१.३१ | ९५.२३ | ८७.६३ |
| देवदह नगरपालिका | ११४१० | ५३५२३ | १७३०० | ७२४५७ | ३४०३३ | ३८४२४ | ४.१९ | ८८.५७ | २.९१ | ५२९ | ८३.१३ | ८९.७३ | ७७.४० |
| गैडहवा गाउँपालिका | ७२८५ | ४७५६५ | ९९४७ | ५६१४९ | २७८४७ | २८३०२ | ५.६४ | ९८.३९ | १.५९ | ५८० | ७१.३० | ८१.९९ | ६०.८९ |
| कन्चन गाउँपालिका | ७०८४ | ३३०७२ | १०४४० | ४२५२८ | १९४०८ | २३१२० | ४.०७ | ८३.९४ | २.४१ | ७२७ | ८३.०५ | ८९.७६ | ७७.५६ |
| कोटहीमाई गाउँपालिका | ५५९३ | ४१००६ | ७५३५ | ४५९७५ | २३१३९ | २२८३६ | ६.१० | १०१.३३ | १.१० | ७८९ | ६८.७४ | ७९.०० | ५८.४० |
| लुम्बिनी साँस्कृतिक नगरपालिका | ९९४६ | ७२४९७ | १३६२१ | ८७३८३ | ४३१६४ | ४४२१९ | ६.४२ | ९७.६१ | १.७९ | ७७९ | ७१.१४ | ८०.५६ | ६२.०६ |
| मर्चवारी गाउँपालिका | ५२६३ | ३८७७६ | ६९२१ | ४०८८० | २०४९९ | २०३८१ | ५.९१ | १००.५८ | ०.५१ | ८४२ | ६८.६९ | ७९.२२ | ५८.०९ |
| मायादेवी गाउँपालिका | ६८१० | ४७१५६ | ९९९० | ५६१७० | २८३५५ | २७८१५ | ५.६२ | १०१.९४ | १.६८ | ७७५ | ७२.५५ | ८१.१६ | ६४.४९ |
| ओमसतिया गाउँपालिका | ५७८७ | ३४१९१ | ८०८२ | ४११४१ | २०४५२ | २०६८९ | ५.०९ | ९८.८५ | १.७८ | ८४८ | ७८.२४ | ८६.६७ | ६९.९९ |
| रोहिणी गाउँपालिका | ५६५७ | ३७१७५ | ७५२६ | ४३३२७ | २१८६५ | २१४६२ | ५.७६ | १०१.८८ | १.४७ | ६७० | ७२.३१ | ८२.९८ | ६१.४६ |
| सैनामैना नगरपालिका | १२३९२ | ५५८२२ | १९४४५ | ७८३९३ | ३६४४१ | ४१९५२ | ४.०३ | ८६.८६ | ३.२६ | ४८३ | ८४.९० | ९०.८८ | ७९.८५ |
| सम्मरीमाई गाउँपालिका | ५१२० | ३८३०५ | ७२४२ | ४३०४४ | २१५११ | २१५३३ | ५.९४ | ९९.९० | १.१२ | ८४८ | ६९.३४ | ७८.०१ | ६०.७३ |
| सिद्धार्थनगर नगरपालिका | १२४९७ | ६३४८३ | १५८७१ | ७४४३६ | ३७२४९ | ३७१८७ | ४.६९ | १००.१७ | १.५३ | २०६६ | ८६.१२ | ९२.५० | ७९.७९ |
| सियारी गाउँपालिका | ६७९२ | ३८४६६ | ९०१९ | ४४९८५ | २२०२२ | २२९६३ | ४.९९ | ९५.९० | १.५० | ६८० | ७८.८२ | ८८.०० | ७०.१७ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) जम्मा | पुरुष | महिला |
| शुद्धोधन गाउँपालिका | ६१४५ | ३४६३८ | ८६७६ | ४१९०७ | २०५७० | २१३३७ | ४.८३ | ९६.४१ | १.८३ | ७२७ | ८१.२५ | ८८.७१ | ७४.१६ |
| तिलोत्तमा नगरापालिका | २१९५७ | १००१४९ | ३५९९१ | १४९४७९ | ७१५२६ | ७७९५३ | ४.१५ | ९१.७६ | ३.८४ | ११८५ | ८८.०९ | ९३.३७ | ८३.३४ |
| संस्थागत | ८१ | ५६३० | १४९ | ९३६८ | ७५४८ | १८२० | | | | | ९३.२३ | ९४.४५ | ८८.०४ |
| जम्मा | १६३९१६ | ८८०१९६ | २३८३२० | ११२१९५७ | ५५०४७८ | ५७१४७९ | ४.७१ | ९६.३३ | २.३३ | ८२५ | ८१.२३ | ८८.३६ | ७४.४५ |
| कपिलवस्तु | | | | | | | | | | | | | |
| बाणगंगा नगरपालिका | १५९६५ | ७५२४२ | २३३२५ | ९६७१४ | ४५४०७ | ५१३०७ | ४.१५ | ८८.५० | २.४१ | ४१४ | ८१.४४ | ८८.१९ | ७५.६१ |
| विजयनगर गाउँपालिका | ५६७० | ३६९३७ | ७०५९ | ४३२९१ | २१४१० | २१८८१ | ६.१३ | ९७.८५ | १.५२ | २५० | ६४.२५ | ७१.९४ | ५६.७४ |
| बुद्धभूमि नगरपालिका | ११५२१ | ६४९४९ | १५३७९ | ७६५०७ | ३६९५१ | ३९५५६ | ४.९७ | ९३.४१ | १.५७ | २०९ | ७१.४८ | ७९.६८ | ६३.९० |
| कपिलवस्तु नगरपालिका | १२०९४ | ७६३९४ | १५३८२ | ८८८७४ | ४३९९८ | ४४८७६ | ५.७८ | ९८.०४ | १.४५ | ६४९ | ७३.०७ | ८१.५३ | ६४.८६ |
| कृष्णनगर नगरपालिका | ८५२१ | ६२३६० | १०६७० | ७०१११ | ३५१२१ | ३४९९० | ६.५७ | १००.३७ | १.१२ | ७२५ | ६७.०१ | ७३.५६ | ६०.४० |
| महाराजगञ्ज नगरपालिका | ७९७७ | ५४८०० | ९८२० | ६४६४५ | ३२५३६ | ३२१०९ | ६.५८ | १०१.३३ | १.५९ | ५७६ | ६७.६६ | ७६.२४ | ५८.९९ |
| मायादेवी गाउँपालिका | ६५०७ | ४८२१८ | ८४४३ | ५५९७२ | २७१२४ | २८८४८ | ६.६३ | ९४.०२ | १.४३ | ६३२ | ७२.५५ | ८१.१६ | ६४.४९ |
| शिवराज नगरपालिका | ११२५० | ६६७८१ | १६२४१ | ८४८१० | ४१३२८ | ४३४८२ | ५.२२ | ९५.०५ | २.२९ | २९९ | ७२.६६ | ८०.०६ | ६५.७१ |
| शुद्धोधन गाउँपालिका | ६३४६ | ४५२०१ | ८५४३ | ५२८६१ | २५९६१ | २६९०० | ६.१९ | ९६.५१ | १.५० | ५७७ | ६७.२६ | ७६.७४ | ५८.२१ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| यसोधरा गाउँपालिका | ५४१३ | ३८९५२ | ६९९९ | ४४९०० | २१८१० | २३०९० | ६.४२ | ९४.४६ | १.३६ | ६६५ | ६९.३६ | ७८.१० | ६१.१९ |
| संस्थागत | ५७ | २१०२ | ८५ | ४२७६ | ३०४१ | १२३५ | | | | | ९७.०३ | ९६.०८ | ९९.३५ |
| जम्मा | ९१३२१ | ५७१९३६ | १२१९४६ | ६८२९६१ | ३३४६८७ | ३४८२७४ | ५.६० | ९६.१० | १.७० | ३९३ | ७१.८२ | ७९.६३ | ६४.३७ |
| दाङ | | | | | | | | | | | | | |
| बबई गाउँपालिका | ५९४५ | २७४६९ | ७५२७ | ३०९६८ | १४४४६ | १६५२२ | ४.११ | ८७.४३ | १.१५ | १२० | ७८.०१ | ८४.९३ | ७२.१० |
| बंगलाचुली गाउँपालिका | ४७३० | २४२४५ | ५१३९ | २२३७३ | ९८३२ | १२५४१ | ४.३५ | ७८.४० | -०.७७ | ९१ | ७७.९१ | ८६.८१ | ७१.२० |
| दंगीशरण गाउँपालिका | ४४५५ | २१४८४ | ५८२५ | २३६६८ | ११९९७ | १२४७१ | ४.०६ | ८९.७८ | ०.९३ | २१४ | ७८.९६ | ८५.३९ | ७३.२७ |
| गढवा गाउँपालिका | ७२६७ | ३८५९२ | ९९६४ | ४५८९८ | २२३०८ | २३५९० | ४.६१ | ९४.५७ | १.६६ | १२८ | ७७.६९ | ८३.४९ | ७२.२८ |
| घोराही उपमहानगरपालिका | ३५४१९ | १५६१६४ | ४९७६१ | २००५३० | ९३८०६ | १०६७२४ | ४.०३ | ८७.९० | २.४० | ३८४ | ८३.०५ | ८९.६० | ७७.४० |
| लमही नगरपालिका | ९४३२ | ४७६५५ | १३४५८ | ५९०५० | २८५०१ | ३०५४९ | ४.३९ | ९३.३० | २.०६ | १८१ | ८०.८८ | ८६.६१ | ७५.६० |
| राजपुर गाउँपालिका | ४४७३ | २५०३७ | ५८२९ | २८३४६ | १४०५८ | १४२८८ | ४.८६ | ९८.३९ | १.१९ | ४९ | ७६.७८ | ८३.३० | ७०.४४ |
| राप्ती गाउँपालिका | ८०५५ | ४०७६४ | ११८२६ | ५२१२३ | २४८१७ | २७३०६ | ४.४१ | ९०.८८ | २.३६ | ३२४ | ७९.३७ | ८५.५८ | ७३.८३ |
| शान्तिनगर गाउँपालिका | ५३२८ | २५२०३ | ६९१९ | २७६४१ | १२८०१ | १४८४० | ३.९९ | ८६.२६ | ०.८९ | २३८ | ७९.९४ | ८६.८१ | ७४.१३ |
| तुल्सीपुर उपमहानगरपालिका | ३१२४३ | १४१५२८ | ४६०१८ | १७९७५५ | ८४७६४ | ९४९९१ | ३.९१ | ८९.२३ | २.२९ | ४६७ | ८३.१४ | ८९.५७ | ७७.५२ |
| संस्थागत | ६८ | ४४४२ | ५० | ४६४१ | ४०४३ | ५९८ | | | | | ९५.४५ | ९६.०१ | ९१.६२ |
| जम्मा | ११६४१५ | ५५२५८३ | १६२३१६ | ६७४९९३ | ३२०५७३ | ३५४४२० | ४.१६ | ९०.४५ | १.९२ | २२८ | ८१.४० | ८७.८५ | ७५.६७ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| बाँके | | | | | | | | | | | | | |
| बैजनाथ गाउँपालिका | ११०६६ | ५४४१८ | १६४६९ | ६९४७२ | ३२०७३ | ३७३९९ | ४.२२ | ८५.७६ | २.३४ | ४९० | ७७.९५ | ८४.९६ | ७२.१० |
| डुडुवा गाउँपालिका | ६५९० | ३७४६० | ८०५१ | ४३१३५ | २१८३२ | २१३०३ | ५.३६ | १०२.४८ | १.३५ | ४७३ | ५५.३९ | ६३.३३ | ४७.३० |
| जानकी गाउँपालिका | ६७२४ | ३७८३९ | ८८२६ | ४६१४१ | २३३०६ | २२८३५ | ५.२३ | १०२.०६ | १.९० | ७२९ | ६७.१२ | ७५.१४ | ५८.९६ |
| खजुरा गाउँपालिका | १०२८८ | ५०९६१ | १३७०६ | ६२७८९ | २९५७९ | ३३२१० | ४.५८ | ८९.०७ | २.०० | ६१६ | ७५.२७ | ८२.३४ | ६९.१४ |
| कोहलपुर नगरपालिका | १५४८३ | ७०६४७ | २४१८३ | १०१६६७ | ४८९६८ | ५२६९९ | ४.२० | ९२.९२ | ३.४९ | ५५२ | ८२.६१ | ८८.४४ | ७७.३१ |
| नरैनापुर गाउँपालिका | ५९०८ | ३४९४२ | ८४८८ | ४३२०६ | २१७३२ | २१४७४ | ५.०९ | १०१.२० | २.०४ | २५१ | ४७.८९ | ५४.८३ | ४०.९४ |
| नेपालगञ्ज उपमहानगरपालिका | २७८९२ | १३८९५१ | ३४५६५ | १६४४४४ | ८२७५५ | ८१६८९ | ४.७६ | १०१.३० | १.६२ | १९१३ | ७६.२४ | ८०.९८ | ७१.४८ |
| राप्ती सोनारी गाउँपालिका | १०७४२ | ५९९४६ | १४९४६ | ६६४४५ | ३१३२७ | ३५११८ | ४.४५ | ८९.२० | ०.९९ | ६४ | ७४.९८ | ८१.९८ | ६८.८६ |
| संस्थागत | ८० | ६१४९ | ७३ | ५८९५ | ५१७३ | ७२२ | | | | | ९५.४५ | ९५.८९ | ९२.२४ |
| जम्मा | ९४७७३ | ४९१३१३ | १२९३०७ | ६०३१९४ | २९६७४५ | ३०६४४९ | ४.६६ | ९६.८३ | १.९७ | २५८ | ७३.४० | ७९.६१ | ६७.४८ |
| बर्दिया | | | | | | | | | | | | | |
| बढैयाताल गाउँपालिका | १०३३३ | ४७८६८ | १२९६१ | ५२८१८ | २४३८४ | २८४३४ | ४.०८ | ८५.७६ | ०.९४ | ४५९ | ७६.७१ | ८३.९० | ७०.६९ |
| बाँसगढी नगरपालिका | ११२१० | ५५८७५ | १५०९१ | ६३२५२ | २९३०७ | ३३९४५ | ४.१९ | ८६.३४ | १.१९ | ३०७ | ७९.३१ | ८५.०९ | ७४.४६ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| बारबर्दिया नगरपालिका | १३२६८ | ६८०१२ | १६८९७ | ७२५३३ | ३४१२६ | ३८४०७ | ४.२९ | ८८.८५ | ०.६२ | ३२१ | ७९.०६ | ८४.३९ | ७४.४१ |
| गेरुवा गाउँपालिका | ६१३५ | ३४८७१ | ७७६२ | ३३५१४ | १५३६३ | १८१५१ | ४.३२ | ८४.६४ | -०.३८ | ४२७ | ७९.५३ | ८५.२६ | ७४.७९ |
| गुलरीया नगरपालिका | १३०६४ | ६६६७९ | १६००२ | ७४५०५ | ३६७२७ | ३७७७८ | ४.६६ | ९७.२२ | १.०७ | ६३० | ७०.०५ | ७६.६३ | ६३.७१ |
| मधुवन नगरपालिका | ९५६९ | ४६४३७ | १२४४४ | ५०७३९ | २३३१० | २७४२९ | ४.०८ | ८४.९८ | ०.८५ | ३९१ | ७६.५२ | ८२.९१ | ७१.२१ |
| राजापुर नगरपालिका | १०९१६ | ५९५५३ | १३६५९ | ६०८३१ | २८६०७ | ३२२२४ | ४.४५ | ८८.७८ | ०.२० | ४७९ | ७७.०९ | ८२.६५ | ७२.२३ |
| ठाकुरबाबा नगरपालिका | ८६५२ | ४४३१६ | ११४६९ | ४९४२० | २२८७० | २६५५० | ४.३१ | ८६.१४ | १.०५ | ४७३ | ७७.९६ | ८४.४९ | ७२.५० |
| संस्थागत | २९ | २९६५ | ४१ | २२८८ | २०७२ | २१६ | | | | | ९६.९७ | ९७.४४ | ९२.४९ |
| जम्मा | ८३१७६ | ४२६५७६ | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | ०.७२ | २२७ | ७६.८५ | ८२.९४ | ७१.५३ |

## तालिका ४: नेपाल र लुम्विनी प्रदेशका विभिन्न सूचकहरुको तुलनात्मक अवस्था

| जनसांख्यिक सुचकहरु | नेपाल | लुम्विनी |
|---|---|---|
| जम्मा जनसंख्या | २९१६४५७८ | ५१२२०७८ |
| पुरुष | १४२५३५५१ | २४५४४०८ |
| पुरुष (%) | ४८.८७ | ४७.९२ |
| महिला | १४९११०२७ | २६६७६७० |
| महिला (%) | ५१.१३ | ५२.०८ |
| लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या | ९५.५९ | ९२.०१ |
| अन्य लिङ्गीको जनसंख्या | २९२८ | ४३२ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.९२ | १.२४ |
| सबैभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | भक्तपुर (३.३५) | रुपन्देही (२.३३) |
| सबैभन्दा कम वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | रामेछाप (-१.६७) | गुल्मी (-१.२३) |
| जनघनत्व (प्रति वर्ग कि.मी. जनसंख्या) | १९८ | २३० |
| कुल परिवार संख्या संस्थागत समेत | ६६६६९३७ | ११४१९०२ |
| परिवारको औसत आकार (%) | ४.३७ | ४.४९ |
| परिवारको औसत आकार सबैभन्दा बढि भएको जिल्ला (%) | रौतहट (५.९४) | कपिलवस्तु (५.६०) |
| परिवारको औसत आकार सबैभन्दा कम भएको जिल्ला (%) | गोरखा र दोलखा (३.४९) | अर्घाखाँची (३.६५) |
| नगरपालिकाको कुल जनसंख्या (%) | ६६.१७ | ५५.२ |
| गाउँपालिकाको कुल जनसंख्या (%) | ३३.८३ | ४४.८ |
| घर वा आवासीय एकाइको आफ्नै स्वामित्व (%) | ८६.० | ९०.८ |
| खानेपानीको मुख्य स्रोत (अक्सर धारा/पाइप प्रयोग गर्ने परिवार) (%) | ५७.० | ५७.५ |
| खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने परिवार (%) | ५१.० | ५३.७ |
| बत्ती बाल्न अक्सर विजुली प्रयोग गर्ने परिवार (%) | ९२.२ | ९३.७ |

| जनसांख्यिक सुचकहरु | नेपाल | लुम्विनी |
|---|---|---|
| शौचालयको सुविधा प्रयोग गर्ने परिवार (%) | ९५.५ | ९४.४ |
| परिवारमा महिलाको नाममा घर वा जग्गा वा दुबै रहेको परिवार (%) | २३.८ | २३.४ |
| परिवारमा अनुपस्थित (अक्सर विदेशमा बस्ने) व्यक्ति | २१९०५९२ | ४२०९०६ |
| महिला परिवारमूली (%) | ३१.५५ | ३५.५ |
| **वैवाहिक अवस्था (१० वर्ष वा सो भन्दा बढी उमेरका)** | | |
| अविवाहित जनसंख्या (%) | ३३.१ | ३२.९ |
| विवाहित जनसंख्या (%) | ६१.८ | ६१.८ |
| विधुर/विधवा (%) | ४.५ | ४.८ |
| पहिलो विवाह गर्दाको उमेर औसत वर्ष (Median Age) | १९ | १९ |
| **अपाङ्गताको जनसंख्या (%)** | | |
| जम्मा (%) | २.२ | २.४ |
| पुरुष (%) | २.५ | २.७ |
| महिला (%) | २.० | २.१ |
| साक्षरता दर (५ वर्ष वा सो भन्दा माथि) | | |
| जम्मा (%) | ७६.२ | ७८.१ |
| पुरुष (%) | ८३.६ | ८५.२ |
| महिला (%) | ६९.४ | ७१.७ |
| **आर्थिक काम गरेको अवधि** | | |
| ६ महिना वा सो भन्दा बढी आर्थिक काम गरेका (%) | ४१.० | ३८.७ |
| ३-६ महिना आर्थिक काम गरेका (%) | ११.४ | १३.१ |
| ३ महिना भन्दा कम आर्थिक काम गरेका (%) | १०.१ | ११.० |
| कुनै पनि आर्थिक काम नगरेका (%) | ३७.५ | ३७.२ |
| आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार कृषि,वन र माछापालन क्षेत्रमा संलग्न जनसंख्या (%) | ५७.३ | ६०.३ |
| आर्थिक काम नगर्नुको कारण (विद्यार्थी) (%) | ४६.९ | ४७.५ |
| बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (%) | ७४ | ७२.० |